श्री उदयपुर जिल्ला अदालत

पत्र सङ्ख्याः २०७७/०७८
चलानी नम्बरः ९९५४

मितिः-२०७७।१०।८।५

फोन नं.☎ ०३५-४२०१९४
Email : info.dcudayapur@supremecourt.gov.np

सूचना ! सूचना !! सूचना !!!

विषयः- लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा ।

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवासायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमाबलीको नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका इच्छुक नेपाली नागरिकहरुले मिति २०७७।१०।०८ देखी २०७७।११।०७ गते सम्म देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

- दरखास्तको ढाँचा नियमावलीको अनुसूचि-१ बमोजिमको हुनेछ।
- दरखास्तको साथ तीन प्रति पासपोर्ट साइजको फोटो, शौक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।
- दरखास्तसाथ रू. ११०।— दस्तुर (नगदी रसिद) बुझाउनु पर्नेछ।
- प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न देहायको विषय समावेश भएको लिखित परिक्षा र लिखित परीक्षाबाट उर्त्तिण उम्मेदवारहरुले अन्तर्वार्ताबाट छनौट भएपछि अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिनेछ।
- दरखास्तवालाहरुले मिति २०७७।११।०९ गते यस अदालतमा सम्पर्क गर्नु पर्नेछ।
- लिखित परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराइनेछ।

लिखित परीक्षामा समावेश हुने विषयहरुः-

- राजिनामा, अंशवण्डा, वकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत
- अदालतमा प्रयोग हुने तारेख थाम्ने, हाजिर गराउने, वारेसनामा लगायतका लिखतहरू
- अर्धन्यायिक निकाय, स्थानिय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेनहरु
- तमसुक, भर्पाई, बैनापत्र, वारेसनामा जस्ता सामन्य प्रकृतिका घरायसी कागजातहरु
- जाहेरी दरखास्त लगायतका निवदेन।
- लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
- लेखापढी व्यवसायीको आचार संहिता, २०६४
- समसामयिक विषयबस्तुको जानकारी

९८०६१९०१८

धन बहादुर कार्की
श्रेस्तेदार (उपसचिव)

(विस्तृत जानकारीको लागि यस अदालतको प्रशासन शाखा/ फोन नं. ०३५-४२०१९४ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ।